# ११ अनुग्रहको चयन

*__यस अध्यायको निम्ति पढ्नुहोस्:__* रोमी १०, रोमी ११

*__स्मर्ण गर्नुपर्ने पद:__* "त्यसकारण अब म यो प्रश्न गर्न चाहन्छु। के परमेश्वरले आफ्नो पिठ्युँ उहाँका जनहरूबाट फर्काउनुभयो त? अहँ फर्काउनु भएन ! म आफै पनि इस्रायली अर्थात् यहूदी जातिको हुँ। अब्राहमका सन्तानहरूमा म पनि एक हुँ। स्पष्ट रूपमा भन्ने हो भने म बेन्जामिन कूलको हुँ। (रोमी ११:१ रूपान्तरित)।

रोमी १० र ११ यस अध्यायको विषयवस्तु हो। तर रोमी ११मा हामीले विषेश गरि ध्यान दिनेछौं। पावलको तर्कलाई बुझ्न दुबै अध्यायहरू बुझ्न आवश्यक छन्।

रोमीको पुस्तकमा गरिने छलफलमा यी दुई अध्यायहरू अत्यन्त महत्वपूर्ण मानेका थिए र छन् पनि। तर यी दुवै अध्यायहरूमा एउटा विषय स्पष्ट रूपमा देखाइएको छ। त्यो हो परमेश्वरले मानिसहरूलाई अत्यन्त प्रेम गर्नुहुन्छ। विश्वको सारा जनसमुदायले मुक्ति पाउन् भनि उहाँको महान् इच्छा हो। परमेश्वरको सामु यहूदी र ग्रीक अर्थात् गैर-यहूदीको बिचमा कुनै अन्तर छैन भनेर रोमी १०ले स्पष्ट रूपमा देखाउँदछ। (बाइबलको अनुसार उच्च जात र म्लेच्छ जात अर्थात् शुद्ध जात र अशुद्ध वा विदेशी जात भन्ने असमान जातिप्रथा छैन)। सबै पापी हुन्, र सबैलाई परमेश्वरको अनुग्रहको आवश्यक छ। अनि त्यो अनुग्रह परमेश्वरले संसारबाट येशूद्वारा जुटाउनुभएको छ। तपाईंको जन्मजातसँग यो अनुग्रहको सरोकार छैन तर तपाईं को हुनुहुन्छ भन्नेमा छ। यो अनुग्रह फेरि तपाईंको अथक प्रयास, त्याग, तपस्या वा कर्मले होइन तर येशूलाई विश्वासद्वारा ग्रहण गर्नुभएकोले तपाईंले पाउनुहुन्छ। येशू सारा पापीको सट्टामा मर्नुभयो। कुनै निश्चित जात वा कुल वा देशका जनताको निम्ति होइन तर सबै मानवको निम्ति उहाँले आफ्नो रगत क्रुसमा बगाउनुभयो। मानिसका पदहरू वा कामका मर्यादाहरूमा फरक होलान्, तर मुक्तिको योजना जहिले पनि यथावत हुन्छ। यो अपरिवर्तनशील छ।

*<u>रोमीहरुलाई लेखिएको पुस्तकमा येशूले दिने</u> मुक्ति*

रोमी ११मा पावलले यहि विषयलाई निरन्तरता दिएको हामी पाउँछौं। जब परमेश्वरले कसैलाई चुन्नुभयो वा विशेष आह्वान गर्नुभयो भन्ने कुरामा पावल छलफल गर्दछन् त त्यो छनौट मुक्तिको लागि होइन भनेर हामीले जान्नुपर्दछ। तर सँसारमा मुक्तिको सुसमाचार पुर्‍याउने परमेश्वरको योजनामा मानिसहरूले कुन् भुमिका खेल्न सक्छन् वा कसले खेल्छन् भन्ने विषयमा पावलको ध्यानाकर्षण भएको थियो। कुनै पनि समूह मुक्ति पाउनबाट वंचित भएको छैन। कसले मुक्ति पाउँछ, कसले मुक्ति पाउँदैन भन्ने विषयमा कहिलै पनि प्रश्न गरिइएको छैन। येशूको पुनरुत्थान पछि मुक्तिको सुसमाचार यहूदीहरूमा मात्र सिमित नराखी संसारका सबै जात अर्थात् गैर-यहूदीहरूमा पुऱ्याउने अभिभारा पावललाई विशेष गरि दिएको थियो। येशूका अरू चेलाहरूले पनि गैर-यहूदीहरूकहाँ सुसमाचार पुऱ्याएका थिए। पावलको विशेष निर्देशन र प्रेरणाद्वारा प्रारम्भिक विश्वासीहरूले यहूदी र गैर-यहूदी अर्थात् सारा संसारमा प्रचार गर्ने अभियानमा लागेका थिए।

## १. व्यवस्थाको अन्तिम लक्ष्य (रोमी १०:१-४)

पहिला छलफल गरिइएको सबै कुरालाई ध्यानमा राखेर रोमी १०:१-४ पढ्नुहोस्। अनि यी पदहरूले तपाईंलाई के भनिरहेका छन् सो सोच्नुहोस्। वर्तमान परिप्रेक्ष्यमा पनि हाम्रा आफ्नै धर्मकर्ममा भरोसा राखेर मुक्ति पाउँछ भन्ने सोचाई किन अतरापूर्ण हुनसक्छ?

संस्कारलाई विधिवत रूपमा पालन गरेर मुक्ति पाउँछ भन्ने धारणा विभिन्न रूपमा आउँछन्। कुनै त अदृष्य रूपमा अर्थात् थाहै नपाइ यो धारणाले मानिसको मनमा ठाउँ जमाएको हुन्छ। आफूप्रति विश्वास, आफ्ना असल काममा भरोसा, आफ्न जीवनशैलीमा धुक्क, सब्थथलाई कडाईका साथ पालन गरेर आफू धर्मात्मा भएको ठान्नु, कुनै खराब काममा आफू संलघ्नता नभएकोले आफू असल ठान्नु वा आफूले गरेका यावत असलले गर्दा आफू धर्मी भएको महशूस गर्नु जस्ता मनस्थिति बोक्दा मुक्तिको निम्ति आफ्नो प्रयासको जरुरत छ भन्ने धारणाले अदृष्य रूपमा कतिलाई समाती राखेको हामी पाउँछौं। यथार्थमा भन्ने हो भने यस्ता मनस्थिति बोक्ने मानिसहरू आफ्नो कामबाट मुक्ति पाउने धारणका धरापमा परेका हुन्छन्। परमेश्वरको अनुग्रह भन्दा आफूले

पालन गरेको नितिनियममा हिंडदा उहाँलाई खुशी पाछौं र हाम्रो मुक्ति सुरक्षित छ भन्ने धारणा स्वस्थ धारणा होइन। हाम्रो जीवनको प्रत्येक क्षणमा यो कुरा विर्सनुहुन्न कि परमेश्वरको पवित्रतामा सहभागी हुने काम हाम्रो पापी स्वभावका विपरित छन्। यस्तो सोचबिचारमा हामी रहन सक्षम् भयौं भने मुक्ति पाउन हामी आफैलाई होइन परमेश्वरलाई हेरेर हिंडनु पर्छ भन्ने भावनाले प्रेरित हुन्छौं। आफ्नै धर्मकर्म वा सुकर्मले मुक्ति पाइन्छ र धर्मात्मा बनिन्छ भन्ने कुनै पनि धार्मिक शिक्षा येशूको भन्दा फरक छन्। हामीले पाउने येशूको धार्मिकता हाम्रो प्रयासबाट होइन उहाँको अनुग्रहबाट पाउँछौं।

सम्पूर्ण रोमीको पुस्तकको आधारभूत विषयवस्तुलाई रोमी १०:४ले व्याख्या गरेको पाउँछौं। यो अत्यन्त महत्वपूर्ण पद हो। यसमा लेखिएको छः “किनभने विश्वास गर्ने धर्मी ठहरियोस् भनेर ख्रीष्ट नै व्यवस्थाको अन्त्य हुनुहुन्छ।" (रोमी १०:४)। यो पदको विषयमा थाहा पाउन यसको प्रारम्भिक अर्थात् सुरुको अर्थ हामीले थाहा पाउनु पर्छ। धेरै यहूदीहरू आफ्नै तरिकाले परमेश्वरसँग ठिक हुन खोजेका थिए। (रोमी १०:३ रूपान्तरित)। अनेक विधिविधान र संस्कारहरूलाई पालन गरेको कारण उनीहरू धर्मी ठहरिएका भनेर महशूस गरेका थिए। तर जव मसिह अर्थात् अभिषेक व्यक्तिको आगमन भयो, तब सत्य धार्मिकता भनेको के हो भनेर देखाइएका थिए। जसले येशूमाथि विश्वास गर्दछ त्यसलाई धार्मिकता अर्थात् धर्मात्मा हुने अवसर प्रदान गरिएको थियो। पवित्र मन्दिरमा हुने सम्पूर्ण विधिविधान तथा धार्मिक क्रियाकलापले यहूदीहरूलाई येशूतिर औंल्याएका थिए।

फेरी कतिपय मानिसहरूले त्यो विधिविधान वा व्यवस्थामा दश आज्ञा पनि समावेश भएकोले येशूको मृत्युपछि त्यसको औचित्य पनि समाप्त भयो भनेर सोचेको पाउछौं। तर याद गर्नुहोस्, येशूले क्रुसमा गर्नुभएको कामले दश आज्ञालाई हटाएको छैन। यो हाम्रो निम्ति नैतिक व्यवस्था हो। यो आध्यात्मिक आचारसंहिता हो। यसले हाम्रो पापलाई औंल्याउछ, र हाम्रो दोष र कमजोरीहरूलाई देखाउँद्छ।हामीलाई परमेश्वरको क्षमा चाहिन्छ, हामीलाई उहाँको धार्मिकता चाहिन्छ र मुक्तिदाताको नितान्त आवश्यक छ भनेर दश आज्ञाले हामीलाई औंल्याएको हुन्छ। तर यो सबै येशूमा मात्र पाउँछौं। यस अर्थमा येशू

व्यवस्थाको अन्त्य हुनुहुन्छ भनेर बुझाउँदछ। अर्को अर्थमा भन्ने हो भने व्यवस्थाले हामीलाई येशूतिर र उहाँको धार्मिकतामा दोऱ्याउदछ। युनानी अर्थात् ग्रीक भाषामा यो "अन्त्य" लाई teloes (टेलिलियोस्) भनेर उल्लेख गरिएको छ। यसको अर्थ हो लक्ष्य वा उद्देष्यमा पुग्नु हो। सारा व्यवस्था दश आज्ञा सहितको अन्तिम लक्ष्य नै येशू ख्रीष्ट हुनुहुन्छ। व्यवस्था वा दश आज्ञाको मूल उद्देष्य वा लक्ष्य नै हामीलाई येशूतिर लक्षित गराउनु हो।

त्यसकारण यो पदलाई पढेर दश आज्ञाको औचित्य समाप्त भयो भन्नु अत्यन्त गलत धारणा हो। पावल र नयाँ करारका लेखकहरूले दश आज्ञालाई कहिलै पनि अवमूल्यन गरेका छैनन् न त हटाइएको छ भनेर सिकाउँदछन्।

के तपाईं अरू भन्दा असल भएको मनस्थितिमा कहिलै पुग्नु भएको छ? अरू भन्दा असलै त होला। तर येशूको अगाडि दाँज्दा के तपाईंले आफूले आफैलाई स्यावासी दिन आँट आउँछ र?

## २. अनुग्रहको निम्ति चुनिएको (रोमी ११:१-७)

कतिपय मानिसहरूले साधारणतया सिकाउने शिक्षालाई रोमी ११:१-७ले सरासर कसरी असहमत जनाउँछन्?

"के परमेश्वरले उहाँको जनहरूबाट आफ्नो पिठ्युँ फर्काउनुभयो र?" भन्ने प्रश्नको पहिलो भागको जवाफ यहाँ दिइरहेको पाउँछौं। अवशेष वा सानो झुण्डलाई परमेश्वरले चुन्नुभएको छ र उहाँले आफ्ना जनहरूलाई तिरस्कार गर्नुभएको छैन भन्ने प्रमाण यहि हो भनेर पावलले औंल्याउँछन्। जसले ग्रहण गर्दछ मुक्ति सबैको लागि हो। आफ्नो मुक्तिको योजनामा परमेश्वरले यहूदी र गैर-यहूदी अर्थात् म्लेच्छ भनेर छुट्याउनुभएको छैन।

येशूका प्रथम चेला र भक्तहरू यहूदीहरू थिए भन्ने कुरालाई हामीले बिर्सनु हुन्न। ती प्रथम् बृहत समूह यहुदीहरू थिए जो पेन्टिकोस्टको समयमा येशूलाई विश्वास गरेर आफ्नो यहूदी धर्म परिवर्तन गरेका थिए। येशूको अनुग्रहमा समानुपाती अधिकार यहूदीमात्र होइन तर गैर-यहूदी, विदेशी वा अन्य जातीहरूको पनि छ भन्ने कुरालाई बुझ्न पत्रुसले विषेश दर्शन र आश्चर्य कामको अनुभव

गर्नुपरेको थियो (प्रेरित १० र १५:७-९)। गैर-यहूदी अर्थात् यहूदीहरूले म्लेच्छ कहलाइएका मानिसहरूले पनि येशूले दिने मुक्तिको अधिकार छ भनेर पत्रुसले सिक्नुपरेको थियो।

रोमी ११:७-१९ पढ्नुहोस्। येशूलाई अश्विकार गरेकोले ती इस्रायलीहरूलाई परमेश्वरले अन्धा बनाउनु भयो भनेर के पावलले यहाँ भनिरहेको छन् त? यस्ता तर्क किन गलत छन्?

पावलले यी पदहरू पुरानो नियमबाट उदृध गरेका थिए। यो परमेश्वरको निर्देशन हो भनेर यहूदीहरूले स्वीकार गरेका थिए। परमेश्वरले इस्रायलीहरूलाई आलस्य बनाउनुभयो ताकि तिनीहरूको समझ शक्तिमा ऱ्हास होस् भनेर देखाउन पावलले ती पदहरूलाई उपयोग गरेका थिए। तर के परमेश्वरले मानिसहरूलाई यसरी अन्धा बनाउनुहुन्छ जसले गर्दा तिनीहरूले ज्योति नदेखुन्, जुन ज्योतिले मानिसलाई मुक्तितिर डोऱ्याउँछ? अहँ ! पावलले भन्न खोजेको मनशाय यो हुँदैहोइन। यी पदहरूलाई बुझ्न हामीले रोमी ९ अध्यायतिर फर्कनुपर्दछ। कुनै निश्चित समूहको मुक्तिको बारेमा पावलले छलफल गरिरहेको थिएन। पूरै रूपमा कुनै समूहलाई पनि मुक्तिको सहभागी हुनबाट परमेश्वरले बंचित गर्नुहुन्न। तर मुक्तिमा सहभागी हुन परमेश्वरले खटाएको काम ती मानिसहरूले कसरी गर्छन्, त्यसमा भर पर्छन् भनेर पावलले औंल्याउन खोजेको पाउँछौं।

कुनै समूहले गर्दा समस्ती रूपमा सबैलाई परमेश्वरले अश्विकार गर्नुहुन्छ भन्ने तर्क किन आपत्तीजनक हुनसक्छ? यो किन सुसमाचारको पुरा शिक्षादिक्षाको विपरित छन्, जसले सारा मानव जातको निम्ति येशू पर्नुभयो भनेर सिकाउँछन्? यहि गलत धारणाले गर्दा विश्वको इतिहासमा कतिपय इसाईहरूले यहूदीहरूलाई अन्यायपूर्वक व्यवहार गरेको पाउँछौं।

## ३, कलमी गरेको हाँगा (रोमी ११:११-१५)

रोमी ११:११-१५मा हामीलाई के महान् आशा पावलले दिएका छन्?

दुईवटा समान उदाहरणहरू ती पदहरूमा हामीले पाउँछौंः (१) “तिनीहरू वा इस्रायलीहरूको पूर्णता" (पद १२), र (२) “तिनीहरूलाई

पुनःग्रहण" (पद १५)। यहूदीहरूलाई तिनीहरूकै चाहनामा केहि समय छोड्ने र पछि तिनीहरूलाई पूर्ण रूपमा ग्रहण गर्ने भनेर पावलले अपेक्षा गरेका थिए। यस अध्यायको सुरूमा गरिएको प्रश्नको यो दोश्रो जवाफ थियो। त्यसमा सोधिएको थियो: "के परमेश्वरले आफ्ना जनहरूबाट आफ्नो पिठ्युँ फर्काउनुभयो?" (रोमी ११:१ रूपान्तरित)। झट्ट हेर्दा परमेश्वरले आफ्नो चुनिएको जातीलाई नसमेटेको जस्तो देखिन्छ तर यो छोटो समयको निम्ति मात्र थियो भनेर पावलले भनेको पाउँछौं।

रोमी ११:१६-२४मा पावलले हामीलाई के भनीरहेको छ?

एउटा हरियो जैतुन अर्थात् ओलिभको रूखसँग इस्रायलमा भएको सानो विश्वासी झुण्डलाई पावलले तुलना गरेको पाउँछौं। केहि रूखका हाँगाहरू भाँचिएका छन्। अर्थात् केहि मानिसहरू विश्वासबाट हटेका छन्। तर परमेश्वरको स्वइच्छाले ती हाँगाहरू भाँचिएका छैन किनभने जरा र रूख अझै पनि त्यहिँ छन् भनेर अर्थात् ती आफ्ना जनहरूलाई परमेश्वरले बहिष्कार गर्नभएको छैन भनेर पावलले यस उदाहरणबाट चित्रण गरेको पाउँछौं।

तर ती रूखमा विश्वासी गैर-यहूदीहरूलाई कलमीद्वारा जोडिएका छन्। जीवनको पानी र रस त्यहि रूख र जराबाट तिनीहरूले पाइरहेकाछन्। यस तर्कले यो बताउँछ, कतिपय यहूदीहरू येशूको विश्वासमा रहने अवसर गुमाएका छैनन्।

तर ती यहूदीहरू जसले येशूलाई अश्विकार गर्दा के गती भयो त्यही गती गैर-यहूदी विश्वासीहरूलाई पनि हुनसक्छ। येशूलाई एक फेरा विश्वास गरेपछि वा बप्तिस्मा लिएपछि सदाको निम्ति मुक्ति सुरक्षित हुन्छ भन्ने गलत शिद्धान्त बाइबलले सिकाउँदैन। जसरी परमेश्वरले मुक्तिलाई सित्तैंमा मानिसहरूलाई प्रदान गर्नुभएको छ त्यसरी नै मानिसहरूले आफ्नो आत्मनिर्णयको आधारमा त्यसलाई अश्विकार गर्न सक्छन्। हरेक पल्ट हामी खस्किन्दा हामी मुक्तिबाट पन्छेका हुन्छौं व हामी शिद्ध नभएकोले हामीले उद्धार पाउँदैनौं भन्ने तर्कदेखि हामी होशियार हुनुपर्दछ। तर परमेश्वरले एक फेरा अनुग्रह हामीलाई दिनुभयो भने त्यो अनुग्रहले हामीलाई सदा छोप्छन् र हामीले पाएको मुक्तिलाई कसैले पनि छिनाल्न सक्दैन भन्ने उल्टो तर्कबाट पनि सतर्क हुनुपर्दछ। अन्तमा जसले परमेश्वरको भलाईलाई निरन्तरता दिनसक्छ

त्यसले मात्र मुक्ति पाउँछ भन्ने कुरामा हामी यकिन हुनुपर्दछ (रोमी ११:२२ रूपान्तरित)।

आफ्नो काममा वा भलाईमा विश्वस्तभएर अरूभन्दा असल वा धर्मात्मा छु भन्ने भावनाले कहिलै पनि उत्प्रेरित वा आत्मगौरवले कुनै येशूभक्त फुल्नुहुँदैन। हामीले पाउने मुक्ति हाम्रो दुःख वा प्रयासले आर्जन गरिने होइन। यो परमेश्वरको बरदान हो। उपहार हो। क्रुसको सामु वा परमेश्वरको पवित्रताको आदर्शमा हामी सबै समान छौं। उहाँको अगाडि पुरुष, स्त्री, देशीविदेशी बालबालि सबै बराबर छन्, समान छन्। परमेश्वरले कसैलाई भेदभाव गर्नुहुन्न। हामी सबै जना पापी छौं र परमेश्वरको दया र पवित्रताको आवश्यक छ। तर ती आवश्यकता केवल उहाँको अनुग्रहलेमात्र तार्न सक्दछन्। हामीले घमण्ड गर्नुपर्ने कुनै कुरा पनि छैन। यदि हामी घमण्ड गर्नचाहन्छौं वा गौरब गर्न चाहन्छौं भने केवल येशूमा मात्र गर्नुपर्छ जो मानिसलाई पापबाट उद्धार गर्न मानिसको रूप लिएर यस संसारमा आउनुभयो। हामीले पाउनुपर्ने दुःख उहाँले भोग्नुभयो। हाम्रो पापको निम्ति उहाँ मर्नुभयो। हामी कस्तो जीवन बिताउनुपर्छ भनेर देखाउन उहाँ हाम्रो आदर्श व्यक्ति हुनुभयो। यदि हामी उहाँको आदर्श, निर्देशन वा अगुवाईमा हिंड्न राजी भयौं भने त्यस अनुसार चल्न हामीलाई शक्ति दिन उहाँले वाचा बाँध्नुभएको छ। निष्कर्षमा भन्ने हो भने पुर्ण रूपमा हामी भर पर्दछौं वा भरोसा राख्दछौं। यो किनभयो भने, येशूबिना यस ससारबाट पार हुने कुनै आशा हामीलाई दिइएको छैन। येशूबिनाको जीवन निरर्थक जीवन हो।

## ४. रहस्यलाई खुला गरिएको (रोमी ११:२५-२७)

के महान् घट्नाहरू हुनेछन् भनेर पावलले रोमी ११:२५-२७मा भविष्यवाणी गरेका छन्?

पावलले व्यक्त गरेका ती कथनहरूलाई लिएर इसाईहरूले सयौं वर्षसम्म तर्कवितर्क गरिरहेको हामी पाउँछौं। तर यहाँ उल्लेख गरिएका केहि स्पष्ट बुँदाहरूलाई हामी हेर्नु नै पर्छ। प्रथमतः परमेश्वरले यहूदीहरूतिर आफ्नो हात पसार्नुभएको कुरालाई ख्याल गर्नुपर्छ। यस अध्यायको सुरूमा पावलले उठाएको प्रश्नको जवाफ यहाँ हामी पाउँछौंः

"के परमेश्वरले आफ्ना जनहरूको खिलाफमा आफ्नो पिठ्युँ फर्काउनुभयो त?" यसमा पावलको जवाफ छ, "अहँ, कदापी छैन।" उनले यसरी वाख्या गर्दछन्ः (१) अन्धकार वा कठोरता (ग्रीक शव्दमा porosis-पोरोसिक) केवल केहि अंशमा मात्र थियो। र (२) यो केवल छोटो समयको लागि मात्र थियो, "जब गैर-यहूदीहरूले पूर्णता पाउनेछन्।"

"जब गैर-यहूदीहरूले पाउने पूर्णता" भनेको के हो त? यसको अर्थ सुसमाचारको निर्देशन सम्पन्न भएको भनेर कतिपयले तर्क गर्दछन्। साथै संसारका सारा जातीका मानिसहरूले सुसमाचार सुन्ने प्रक्रिया पूरा भएको भनेर पनि अर्थ लगाउँछन्। " गैर-यहूदीहरूको पूर्णता" भनेको नै येशूको सुसमाचार सारा संसारमा प्रचार गरिने काम सम्पन्न हुनु हो। येशूमा इस्रायलीहरूले देखाएको विश्वास र आस्था सार संसारमा फैलिएको हुन्छ। सारा संसारमा सुसमाचार प्रचार गरिएको हुन्छ। येशूको आगमन नजिक हुन्छ। यस बेला धेरै यहूदीहरू येशूकहाँ आउन थाल्नेछन्।

अर्को विवादस्पद वाक्यचाहिँ "सारा इस्रायलीहरूले उद्धार पाउनेछन्।" (पद २६)। संसारको अन्तमा प्रत्येक यहूदीहरूले परमेश्वरको निर्देशन अनुसार मुक्ति पाउनेछन् भनेर हामीले सोच्नुहुँदैन। न त कुनै विषेश समूह वा प्रत्येक समूहले मुक्ति पाउनेछन् भनेर बाइबलले सिकाउँदैन। "तिनीहरूमा कोहिले मुक्ति पाओस्" भन्ने पावलको चाहना थियो (पद १४)। कुनै यहूदीले येशूलाई मसिह भनेर स्विकार गरे त कसैले इन्कार गरे। येशूलाई मसिह मान्ने वा नमान्ने केवल यहूदी जातमा मात्र सिमित नभएर संसारको सबै जातीहरूमा भइरहेको हामी पाउँछौं।

रोमी ११मा टिप्पणी गर्दै एलेन जी ह्वाईट भन्नुहुन्छ "जब सँसारमा सुसमाचारको प्रचार गर्ने प्रक्रिया पूरा हुन्छ तब धेरै यहूदीहरू विश्वासको आधारमा येशूलाई मुक्तिदाता भनेर ग्रहण गर्नेछन्।"-द आक्टस् अभ आपोस्टल्स्, पृ. ३८१बाट रूपान्तरित।

"हाम्रो संसारमा महान् कार्य गर्न अझै बाँकि नै छन्। गैर-यहूदीहरू अर्थात् यहूदीहरूले म्लेच्छ ठानेकाहरू स्वर्गको राज्यमा समावेश गरिनेछन् भनेर उहाँले घोषणा गर्नुभएको छ। ती गैर-

यहूदीहरूमात्र होइन, यहूदीहरूले पनि यो अवसरमा सहभागी हुनेछन्। धेरै यहूदीहरू छन् जो आफ्नो आस्थालाई परिवर्तन गरेर येशूमा लाग्नेछन्। दियोबाट निस्केको अत्यन्त उज्यालो बत्ती झैं उनीहरूबाट परमेश्वरको मुक्तिको सुसमाचार फैलिनेछन्। यहूदीहरू सर्वत्र छन्। हरसमय सापेक्षिक भएको सत्यको ज्योती तिनीहरूकहाँ पुऱ्याइनू पर्दछ। तिनीहरूमध्ये धेरै येशूको ज्योतिमा आउनेछन्। धेरै मानिसहरूले शक्तिसाली तवरले परमेश्वरको व्यवस्था सिद्ध र अटल छन् भनेर प्रचार गरिनेछ।"-एलेन जी ह्वाईट, इभान्जलिजम्, पृ. ५७८बाट रूपान्तरित।

इसाईहरूले पाएको शिक्षादिक्षामा यहूदीको सिक्षादिक्षाका जराहरू कसरी गाडिएकाछन्, यसबारे सोच्नुहोस्। ध्यानपूर्वक यहूदी धर्मको अध्ययन गर्दा इसाई शिक्षादिक्षालाई राम्ररी बुझ्न तपाईंलाई कसरी सघाउँछन्?

## ५. पापीहरूको निम्ति मुक्ति (रोमी ११:२८-३६)

आफ्ना मानिसहरूप्रति कस्तो स्नेह रहेछ भनेर पावलले रोमी ११:२८-३६ स्पष्ट रूपमा वर्णन गरेको पाउँद्छौं। कतिपय आफ्नै मानिसहरूले पावलको र सुसमाचारको खिलाफमा कडा विरोध गर्दा उसको मन कति रोयो होला? यद्यपि धेरै मानिसहरूले येशूलाई मसिह हुन् भनेर स्विकार्नेछन् भन्ने कुरामा उनी विश्वस्त थिए।

यहूदी जातीहरूको निम्ति मात्र होइन संसारका सारा मानिसहरूलाई परमेश्वरको प्रेम कस्तो थियो भनेर रोमी ११:२८-३६मा पावलले उल्लेख गर्दछन्? परमेश्वरको अनुग्रहको आश्चर्यपूर्ण र रहस्यमय शक्तिलाई पावलले कसरी देखाएको हामी पाउँछौं?

हुनतः यी पदहरूले यहूदी र गैर-यहूदीहरूको बिचमा भिन्नतालाई स्पष्ट रूपमा देखाएको हामी पाउँछौं। तर एउटा कुराचाहिँ स्पष्ट छः परमेश्वरको कृपा र प्रेम र अनुग्रह सारा पापीहरुको निम्ति खन्याइएका छन्। अरू मानिसहरू वा सारा राष्ट्रहरूलाई प्रयोग गरेर मानिसहरूलाई मुक्ति दिने परमेश्वरको योजना संसारको उत्पत्ति हुनुभन्दा अघि नै थियो।

रोमी ११:३१,३२ प्रार्थना र ध्यानपूर्वक पढ्नुहोस्। यहूदीहरूलाई मात्र होइन जो कोहि हामीले भेट्दछौं तिनीहरूलाई पनि

मुक्तिको सन्देश सुनाउन हामीलाई खटाउनुभएको छ र त्यस अनुसार चलेर हाम्रो जीवनशैलीद्वारा परमेश्‍वरको निम्ति साक्षी बोक्नुपर्छ भनेर ती पदहरूले कसरी बताउँछन्?

यदि विश्‍व इतिहासको दौरानमा इसाई चर्चले यहूदीहरूलाई सदव्यवहार गरेको भए, उनीहरूमध्ये धेरैले येशूलाई मसिह भनेर स्विकार गर्दथे होलान्। प्रारम्भिक सताव्धीहरूमा धेरै इसाईहरू येशूको मौलिक शिक्षादिक्षाबाट तर्किएका थिए। धेरै स्थानिय धर्मका संस्कार र धारणाहरूलाई इसाई धर्मगुरूहरूले समावेश गर्न थालेका थिए। त्यहि क्रममा सूर्यलाई पूजा गर्ने दिन आइतबारलाई अङ्गीकार गरेर परमेश्‍वरले अऱ्हाउनुभएको हप्ताको सातौं दिन सब्बथलाई तिरस्कार गर्न पनि इसाई धर्मगुरुहरूकै अग्रसरतामा भएको थियो। ती कारणहरूले गर्दा नै येशूलाई विश्‍वास गर्ने वातावरण यहूदीहरूको निम्ति असहज अर्थात् गाऱ्हो भएको थियो।

येशूमा यहूदीहरूलाई खन्याइएको परमेश्‍वरको कृपा सारा इसाईहरूले थाहा पाउन अत्यन्त जरुरी छ। ती इसाईहरूले पनि अरूलाई कृषा देखाउन आवश्यक छ। यदि हामी इसाई भन्छौं तर अरूलाई कृपा देखाउन असक्षम् छौं भने इसाईको नाउँमा हामीले आफूले आफैलाई धोका दिइरहेका हुन्छौं (पढ्नुहोस् मत्ती १८:२३-३६, मत्ती २५)।

तपाईंको जीवनमा यस्तो कोहि व्यक्ति छन् जो कृपापात्र छन् तर त्यो व्यक्ति कृपाको अयोग्य छन्? जतिसुकै कठिन भए पनि त्यसलाई तपाईंले किन कृपा देखाउन नखोज्ने? येशूले हाम्रो निम्ति यहि गर्नुभएको होइन र?

**उपसंहार:**

थप जानकारीको निम्ति एलेन जी ह्वाईटद्वारा लिखित यी सामग्रीहरू पढ्नुहोस्: *द आक्टस् अभ आपोस्टल्स*मा उल्लेखित पृ. ७७-७९को “बिफोर द सानहिड्रिन", पृ. ११२-११४को “फ्रम पर्सक्युटर टु डिसाइपलस्," पृ. ४७४,४७५को “रिटन फ्रम रोम," *इभान्जलिजम*मा उल्लेखित पृ. ५७३-५७७को “रिचिङ्ग क्याथोलिकस्," र *सेलेक्टेड*

*मेसेजज्,* बुक १मा उल्लेखित पृ. १५५,१५६को "ह्वाट टु प्रिच एण्ड ह्वाट नट टु प्रिच"।

"परमेश्वरको निम्ति सारा संसारमा ज्योति हुने अवसर पाएका इस्रायली राज्य वा यहूदी जात असफल भए। यद्यपि, थोरै भएपनि परमेश्वरको निम्ति निष्ठावान र आस्थावान भएका यहूदीहरू मुक्तिको साझेदार हुने मौका पाउनेछन्। येशूको प्रथम् आगमनमा यस्ता केहि विश्वासी पुरुष र महिलाहरू थिए जसले बप्तिस्मा दिने यूहन्नाको सुसमाचारलाई सहस्रसाथ ग्रहण गरेका थिए। अनि, मसिहको आगमनको बारेमा लिखित भविष्यवाणीहरू अध्ययन गर्न तिनीहरूलाई डोऱ्याइएका थिए। जब प्रारम्भिककालमा इसाई चर्च सुरू भए तब केहि निष्ठावान यहूदीहरूले नाजरथको येशूलाई मसिह भनेर स्विकारेका थिए। तिनीहरू येशूको प्रथम् आगमनको प्रतिक्षामा थिए।"-एलेन जी ह्वाईट, *द आक्टस् अभ आपोस्टल्स,* पृ. ३७६-७७बाट रूपान्तरित।

"टार्ससका सावल (पावल) जस्तै केहि यस्ता यहूदीहरू छन् जो पवित्र धर्मशास्त्र बाइबलका प्रखर विद्यार्थीहरू छन्। अनि तिनीहरूले परमेश्वरको व्यवस्थाको सत्यलाई प्रभावकारी रूपमा प्रचार गर्नेछन्।....जसरी येशूका भक्तहरूले ती पाखा लगाइएका यहूदीहरूलाई निष्ठापूर्वक सेवा गर्दछन् तब तिनीहरूलाई येशूले दिने मुक्तिको बाटो देखाइनेछन्।"- एलेन जी ह्वाईट, *द आक्टस् अभ आपोस्टल्स,* पृ. ३८१बाट रूपान्तरित।

"सुसमाचार प्रचारगर्ने अन्तिम समयमा विर्सेका जनहरूको निम्ति विषेश सम्पन्न हुनेछन्। ससारमा छरिएर रहेका यहूदीहरूप्रति विशेष चासो देखाउन् भनी परमेश्वरले आफ्ना सन्देशवाहकहरूसँग अपेक्षा गर्नुहुन्छ। परमेश्वरको अनन्त लक्ष्य पूरा गर्न पुरानो करारसँग नयाँ करारका पदहरू मिलाएर तिनीहरूलाई सिकाउनुपर्दछ। धेरै यहूदीहरूको निम्ति यो विधि अपनाउँदा धेरैले पुनर्जन्मभएको महशूस गर्नेछन् र तिनीहरू आत्मामा नयाँ जागरण आउनेछ। पुरानो करारका पानाहरूमा नयाँ करारका येशूलाई चित्रण गरेरका पानाहरूले भरेका पाउनेछन्। नयाँ करारले पुरानो करारलाई कसरी वाख्या गरेका छन् भनेर साफ साफ देख्नेछन्। तिनीहरुको सुस्त मनहरू व्युँझिनेछन्। र तिनीहरूले येशू ख्रीष्ट संसारको मुक्तिदाता हुन् भनेर चिन्नेछन्। धेरैले विश्वासद्वारा

येशू तिनीहरूका मुक्तिदाता हुन् भनेर ग्रहण गर्नेछन्।"- एलेन जी ह्वाईट, *द आक्टस् अभ आपोस्टल्स,* पृ. ३८१बाट रूपान्तरित।

**चिन्तनमननः-**

१. विश्व इतिहासको अन्तमा परमेश्वरको व्यवस्था अर्थात् दश आज्ञाहरू र सब्बथको दर्शनहरूलाई ठूलो चासोसाथ मानिसहरूले अध्ययन गर्नेछन्। यहूदीहरूले यस काममा निपूणतासाथ सम्पन्न गर्दा हामी अचम्म मान्नु हुँदैन। हामीलाई थाहा छ, सब्बथलाई आत्मसात गर्ने यहूदीहरूको निम्ति यहूदी भन्दा सेभेन्थ-डे एडभेन्टिस्टहरू सब्बथलाई नौलो रूपमा प्रस्तुत गरेको तिनीहरूले पाउनेछन्। यसबारे छलफल गर्नुहोस्।

२. यहूदीहरूकहाँ पुग्न अरू सबै इसाई समूहहरूभन्दा सेभेन्थ-डे एडभेन्टिस्टहरू अग्रपङ्क्तिमा किन रहनुपर्दछ र त्यसले गर्दा तिनीहरू किन अत्यन्त सफल हुनसक्छन्? तपाईंको समाजमा रहेका यहुदीहरूकहाँ पुग्न तपाईं र तपाईंको चर्चले कस्तो प्रयास गरिरहेको छ र गर्नसकिन्छ?

३. बाइबलको समयमा यहूदीहरूले धेरै भुल गरेका थिए। तिनीहरूबाट हामी के सिक्नसक्छौं? आज तिनीहरूले गरेका भूलहरूलाई नदोऱ्याऔं भनेर हामीले के सतर्कता अपनाउनुपर्दछ?